// स्थानीय राजपत्र

**याङ्वरक गाउँपालिकाद्वारा प्रकाशित**

**खण्ड ६)** **थर्पु, पाँचथर** **१४ चैत्र, २०७९ साल** **(संख्या १४**

# भाग १

## याङ्वरक गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालयको सूचना

याङ्वरक गाउँ कार्यपालिका, गाउँसभाको मिति २०७९/१२/११ गते सम्पन्न बाह्रौं अधिवेशनको दोस्रो बैठकले पारित गरेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

**संवत २०७९ सालको ऐन संख्या-५**

## याङ्वरक गाउँपालिकाको खेलकुद विकास ऐन, २०७९

**प्रस्तावना:** याङ्वरक गाउँपालिका क्षेत्र भित्र खेलकुद सञ्चालन, पूर्वाधार निर्माण र खेलाडीको व्यवसायिक सुरक्षा गर्दै खेलकुदको माध्यमबाट स्वस्थ, सक्षम, अनुशासित खेलाडी र सृजनशील नागरिक तयार गर्न, समाजमा अनुशासन र सामाजिक सद्भाव कायम राखि मद्यपान, लागू पदार्थ सेवनको कुलतबाट युवाहरुलाई जोगाउन, स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराई परिश्रम र परिवर्तनप्रति सचेत स्वस्थ नागरिक बनाउन, वडा, गाउँपालिका, प्रदेश, राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरीय प्रतियोगितामा सहभागिता तथा खेलकुद क्षेत्रको समग्र विकास गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ४ (क) ले दिएको अधिकार कार्यान्वयन गर्न नेपालको संविधानको धारा २२६ को उपधारा (१) तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम याङ्वरक गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "**याङवरक गाउँपालिकाको खेलकुद विकास ऐन, २०७९**" रहनेछ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ।

**२. परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "**अध्यक्ष**" भन्नाले दफा ३ को उपदफा (२) बमोजिम गठित खेलकुद विकास समितिको अध्यक्ष सम्झनु पर्छ।

(ख) "**उपाध्यक्ष**" भन्नाले दफा ३ को उपदफा (२) बमोजिम गठित याङवरक गाउँपालिका गाउँ खेलकुद विकास समितिको उपाध्यक्ष सम्झनु पर्छ।

(ग) "**गाउँपालिका**" भन्नाले याङवरक गाउँपालिकालाई सम्झनु पर्छ।

(घ) "**पालिका अध्यक्ष**" भन्नाले याङवरक गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ।

(ङ) "**पालिका उपाध्यक्ष**" भन्नाले याङवरक गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ।

(च) "**प्रमुख प्रशासकीय अधिकृत**" भन्नाले याङवरक गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(छ) **"कार्यपालिका सदस्य"** भन्नाले याङवरक गाउँपालिकाको कार्यपालिका सदस्यलाई सम्झनु पर्छ।

(ज) "**समिति**" भन्नाले दफा ३ बमोजिम गठित गाउँ खेलकुद विकास समितिलाई सम्झनु पर्छ।

(झ) "**सदस्य**" भन्नाले दफा ३ बमाजिमको समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष, उपाध्यक्ष, सदस्य र सदस्य-सचिव समेतलाई जनाउनेछ।

(ञ) "**सदस्य-सचिव**" भन्नाले दफा ३ बमोजिम गठित गाउँ खेलकुद विकास समितिको सदस्य-सचिव सम्झनु पर्छ।

(ट) **"वडा खेलकुद समिति"** भन्नाले दफा १५ बमोजिम गठन भएको वडा खेलकुद समिति सम्झनु पर्छ।

(ठ) "**खेलकुद सम्बन्धी संस्था**" भन्नाले दफा १९ बमोजिम दर्ता भएको संस्था सम्झनु पर्छ।

(ड) **"खेलकुद"** भन्नाले शारीरिक तथा मानसिक प्रयास र सीपको माध्यमबाट व्यक्तिगत वा समुहमा प्रतिस्पर्धात्मक कृयाकलापमा संलग्न रही नतिजामुखी उपलब्धि हाँसिल गर्ने, कृयाकलापमा सकृय रहने कार्यलाई सम्झनु पर्छ र सो शब्दले प्रचलित, व्यवसायिक, पर्यटकीय, साहसिक तथा परम्परागत खेलहरुलाई समेत जनाउँछ।

(ढ) "**तोकिएको**" वा "**तोकिए बमोजिम**" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिए वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ण) **"खेलाडी"** भन्नाले खेलकुद टिम क्लब, संघ वा संस्था सम्बद्ध व्यक्ति भन्ने सम्झनु पर्छ।

## परिच्छेद-२
## समितिको गठन तथा काम, कर्तव्य र अधिकार

**३. समितिको गठन:**

(१) खेलकुदको विकास, विस्तार, प्रवर्द्धन, सञ्चालन तथा व्यवस्थापन गर्नको लागि याङवरक गाउँपालिका स्तरीय खेलकुद विकास समितिको गठन हुनेछ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरु रहनेछन्।

(क) गाउँपालिकाको अध्यक्ष - अध्यक्ष

(ख) गाउँपालिका उपाध्यक्ष - उपाध्यक्ष

(ग) प्रमुख प्रशासकीय अधिकृत- - सदस्य

(घ) सामाजिक विकास समितिको संयोजक- - सदस्य

(ङ) गाउँ कार्यपालिकाका सदस्य मध्येबाट एकजना महिला सदस्य - सदस्य

(च) विभिन्न विधाका खेलकुद विधा मध्येबाट एकजना - सदस्य

(छ) जिल्ला तथा राष्ट्रिय खेल जगतमा प्रतिष्ठा हासिल गरेका खेलाडी वा पूर्व खेलाडी मध्येबाट अध्यक्षले मनोनयन गरेको एकजना - सदस्य

(ज) पालिकास्तरका क्रियाशील युवा क्लव मध्येबाट सम्बन्धित कमिटीको सिफारिसमा अध्यक्षले मनोनयन गरेको कम्तिमा एक जना महिला सहित २ जना- - सदस्य

(झ) सामुदायिक माध्यमिक विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट एकजना - सदस्य

(ञ) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख- - सदस्य-सचिव

(३) उपदफा (२) बमोजिमका सदस्यको मनोनयन गर्दा भौगोलिक क्षेत्र र महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र समेतको प्रतिनिधित्व हुने गरी गर्नु पर्नेछ।

(४) समितिको बैठकमा खेल क्षेत्रसँग सम्बन्धित विज्ञ तथा सुरक्षा निकायका प्रमुखलाई आमन्त्रण गर्न सकिने छ।

(५) खेलकुद क्षेत्रमा विशेष अनुभवी र दक्षता हासिल गरेका व्यक्तिहरु मध्येबाट एक सल्लाहकार समिति गठन गर्न सकिने छ।

**४. पदावधि:**

(१) मनोनित सदस्यको पदावधि पाँच (५) वर्षको हुनेछ ।

(२) दफा ३ को उपदफा (२) बमोजिमको कुनै सदस्यको पद रिक्त भएमा सोही बमोजिम पदपूर्ति गरिनेछ ।

(३) दफा ३ को उपदफा (२) बमोजिम कुनै सदस्यको दफा ६ बमोजिम सदस्यबाट हटाउनु पर्ने भन्ने लागेमा कार्यपालिकाले त्यस्तो सदस्यलाई प्रमाणका आधारमा जुनसुकै बखत हटाउन सक्नेछ । तर त्यसरी हटाउनु पर्दा सम्बन्धित सदस्यलाई सफाइको मौकाबाट वञ्चित गरिने छैन । स्वत: पद रिक्त हुने अवस्थामा भने सुनुवाईको मौका अनिवार्य रहने छैन ।

**५. समिति स्वशासित र संगठित संस्था हुने:**

(१) खेलकुद विकास समिति अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

(२) समितिको सबै काम कारबाहीको निमित्त आफ्नो छुट्टैछाप हुनेछ ।

(३) समितिको चल अचल सम्पति गाउँपालिकाको हुनेछ ।

(४) खेलकुद विकास समितिको सचिवालय गाउँपालिकाको कार्यालयमा रहनेछ ।

**६. सदस्यको अयोग्यता**:

देहायको कुनै व्यक्ति सदस्यमा मनोनित हुन वा वहाल रहन सक्ने छैन:

(क) गैह्र नेपाली नागरिक,

(ख) एक्काइस वर्ष उमेर पूरा नभएको,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको,

(घ) मानसिक सन्तुलन गुमेको ।

**७. सदस्यता रिक्त हुने अवस्था:**

देहायको अवस्थामा सदस्यता रिक्त भएको मानिनेछ :

(क) दफा ६ बमोजिम सदस्यमा वहाल रहन अयोग्य ठहरिएमा,

(ख) राजिनामा दिएमा,

(ग) मृत्यु भएमा,

(घ) सूचना नदिई लगातार तीन पटक भन्दा बढी समितिको बैठकमा अनुपस्थित भएमा,

(ङ) दफा ४ को उपदफा (३) बमोजिम कार्यपालिकाले हटाएमा ।

**८. अध्यक्षको काम, कर्तव्य र अधिकार:**

अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) सदस्य सचिवलाई बैठक बोलाउन निर्देशन गर्ने,

(ख) बैठकको अध्यक्षता गर्ने,

(ग) समितिलाई खेलकुद सम्बन्धी नीति तथा कार्यक्रमको विषयमा सुझाव दिने,

(घ) वार्षिक योजना, कार्यक्रम तथा वजेट तयार गरी समिति समक्ष पेश गर्ने,

(ङ) वार्षिक प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्ने,

**९. उपाध्यक्षको काम, कर्तव्य र अधिकार:**

उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) अध्यक्षको अनुपस्थितिमा समितिको बैठकको अध्यक्षता गर्ने;

(ख) अध्यक्षले प्रत्यायोजन गरे बमोजिमका काम कारवाहि गर्ने;

(ग) समितिले तोके बमोजिम अन्य कार्य गर्ने।

**१०. सदस्यको काम, कर्तव्य र अधिकार:**

सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको बैठकमा भाग लिने;

(ख) अध्यक्षले र समितिले तोकेको काम कारवाही गर्ने।

**११. समितिको बैठक र निर्णय:**

(१) अध्यक्षको निर्देशन अनुसार सदस्य-सचिवले मिति, समय र स्थान तोकी समितिको बैठक बोलाउनु पर्नेछ।

(२) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछन् र निजको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछन्।

(३) समितिको कुल सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(४) समितिको बैठक कम्तिमा महिनाको एक पटक बस्नेछ।

(५) एक तिहाई सदस्यले कारण र औचित्य सहित बैठक बोलाउन अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा अध्यक्षले यथाशीघ्र बैठक बोलाउनु पर्नेछ।

(६) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) अध्यक्ष र सदस्य-सचिवले बैठकको निर्णय प्रमाणित गर्नु पर्नेछ।

(८) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आँफैले निर्धारण गरे बमोजिम हुनेछ।

**१२. समितिको काम, कर्तव्य र अधिकार:**

दफा ३ को उपदफा (२) बमोजिम गठन भएको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) स्थानीस्तरमा खेलकुद संरचनाको पूर्वाधार निर्माण, सञ्चालन, संरक्षण तथा विकास गर्ने,

(ख) स्थानीयस्तरका खेलकुद प्रशासन तथा सङ्घ संस्थाको नियमन र समन्वय गर्ने,

(ग) खेलकुद प्रतियोगिता आयोजना र सहभागिता गर्ने गराउने,

(घ) खेलकुदको विकास र प्रवर्द्धन, अध्ययन, अनुसन्धान, तथा तालिम लगायतका कार्य गर्ने गराउने तथा अन्तर गाउँपालिका, जिल्ला, प्रदेश, राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुद प्रतियोगिता वा बैठकमा भाग लिन खेलाडी तथा आवश्यकता अनुसार अन्य पदाधिकारीलाई पठाउने,

(ङ) प्रतिष्ठान तथा शिक्षण संस्थामा खेलकुद प्रशिक्षण लगायतका कार्य गर्न आवश्यक सहयोग गर्ने,

(च) आवश्यकता अनुसार उप-समिति गठन गर्ने,

(छ) जिल्ला तथा राष्ट्रिय स्तरका प्रशिक्षकबाट प्रशिक्षणको व्यवस्था गर्ने र उपयुक्त खेलाडीको छनौट गरी राष्ट्रियस्तरमा समेत तालिम लिन पठाउने,

(ज) खेलाडीलाई आर्थिक सहायता तथा खेलवृति प्रदान गर्नको लागि गाउँपालिका समक्ष सिफारिस गर्ने,

(झ) खेलाडीको स्वास्थ्यको संरक्षण गर्नका लागि आवश्यक व्यवस्था गर्ने,

(ञ) फरक क्षमता भएका व्यक्तिको खेलकुदको विकास गर्न तालिम तथा प्रतियोगिता सञ्चालन गर्ने व्यवस्था गर्ने गराउने,

(ट) खेलकुद विकासको लागि गोष्ठी, सेमीनार आयोजना गर्ने,

(ठ) परम्परागत खेलकुदको संरक्षण र प्रवर्द्धन गर्ने,

(ड) गाउँपालिकाको खेलकुद विकासका लागि प्राथमिकीकरण गर्ने गराउने,

(ढ) खेलकुदको विकासको लागि अन्य आवश्यक व्यवस्था गर्ने गराउने,

## परिच्छेद-३
## सदस्य-सचिव तथा वडा स्तरीय खेलकुद समिति

### १३. सदस्य-सचिव सम्बन्धी:

(१) समितिको प्रशासनिक रुपमा काम गर्न समितिमा एकजना सदस्य-सचिव रहनेछ।

(२) सदस्य-सचिवको पदमा गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाको प्रमुख वा निजले तोकेको सहायक कर्मचारी रहनेछ।

### १४. सदस्य सचिवको काम, कर्तव्य र अधिकार:

सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) दैनिक प्रशासनिक कार्य सञ्चालन गर्ने गराउने,

(ख) खेलकुद समिति सम्बन्धमा नीति निर्धारण गर्ने कार्यमा सहयोग गर्ने,

(ग) समितिको बैठकको निर्णय प्रमाणीकरण एवं कार्यान्वयन गर्ने गराउने,

(घ) समितिबाट स्वीकृत खेलकुद सम्बन्धी नीति योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने,

(ङ) वार्षिक योजना, कार्यक्रम तथा वजेट तयार गरी समिति समक्ष पेश गर्ने,

(च) वार्षिक प्रतिवेदन तयार गरी समिति समक्ष पेश गर्ने,

(छ) खेलकुद सम्बन्धी संस्था तथा खेलाडीको अभिलेख राख्ने,

(ज) समितिले तोकेको अन्य कार्य गर्ने गराउने,

**१५. वडा खेलकुद विकास समिति:**

(१) गाउँ खेलकुद विकास समिति मातहतमा वडास्तरीय खेलकुद विकास समिति रहने छन्।

(२) वडास्तरीय खेलकुद विकास समितिको गठन देहाय बमोजिम हुनेछ:

(क) सम्बन्धित वडाको वडाध्यक्ष - अध्यक्ष

(ख) वडा समितिले तोकेको वडा सदस्य मध्ये एक जना - सदस्य

(ग) खेलकुद क्षेत्रमा कम्तिमा ५ वर्ष कार्य गरेको सम्बन्धित वडाको व्यक्ति एक जना - सदस्य

(घ) खेलकुद सम्बन्धी संघ संस्थाबाट एक जना महिला सहित दुई जना - सदस्य

(ङ) वडा सचिव - सदस्य सचिव

(३) उपदफा (२) बमोजिम गठन हुने समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-४
## कोषको व्यवस्था

**१६. समितिको कोष:**

(१) समितिको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायको रकम रहनेछन्:

(क) नेपाल सरकार, प्रदेश सरकार तथा याङवरक गाउँपालिकाबाट प्राप्त रकम,

(ख) खेलकुद पूर्वाधार उपयोग गर्न दिइए वापत प्राप्त शुल्क,

(ग) खेलकुद सम्बन्धी प्रशिक्षण प्रदान गरेवापत प्राप्त रकम,

(घ) खेलकुद प्रदर्शन गरी आर्जन भएको रकम,

(ङ) कुनै व्यक्ति वा संस्थाले चन्दा वा सहायता स्वरुप प्रदान गरेको रकम,

(च) नेपाल सरकारको अनुमतिमा राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्था, विदेशी सरकार वा एजेन्सीबाट प्राप्त रकम,

(छ) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(२) समितिको नामबाट गरिने सबै खर्च कोषबाट व्यहोरिनेछ।

(३) यस दफाको प्रयोजनको लागी समितिले आवश्यक्ता ठानेमा एक स्थीर प्रकृतिको कोष स्थापना गर्न सक्नेछ।

(४) समितिको कोषमा रहने रकम ‘क’ वर्गको वाणिज्य बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ।

(५) समितिको खाता सञ्चालन तोकिए बमोजिम हुनेछ।

**१७. लेखा र लेखापरीक्षण:**

(१) समितिको आय व्ययको लेखा प्रचलित कानुन बमोजिम राखिनेछ।

(२) गाउँपालिकाले समितिको आय व्ययको लेखा, तत् सम्बन्धी कागजात, नगदी जिन्सी समेत जुनसुकै वखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ र नियमानुसार आर्थिक वर्ष समाप्त भएपछि लेखा परीक्षण गराउनु पर्नेछ।

**१८. सदस्यको भत्ताः**

(१) दफा ३ को उपदफा (२) बमोजिम गठित समितिका सदस्यहरूलाई समितिको बैठकमा भाग लिए वापत गाउँपालिकाको नियमानुसार महिनाको एक वटा बैठक सम्मको बैठक भत्ता पाउनेछन्।

## परिच्छेद-५
## खेलकुद सम्बन्धी संस्था दर्ता

**१९. खेलकुद सम्बन्धी क्लब, संघ वा संस्थाको दर्ताः**

(१) यो ऐन प्रारम्भ भएपछि स्थानीय स्तरका खेल संस्थाहरुले प्रचलित कानुन बमोजिम गाउँपालिकामा खेलकुद क्लब, संघ वा संस्था स्थापना गर्न सक्ने छन्।

(२) उपदफा (१) बमोजिम खेलकुद सम्बन्धी कृयाकलाप आयोजना गर्ने क्लब, संघ वा संस्थाको दर्ता समितिमा हुनेछ।

(३) उपदफा (१) बमोजिम खेल क्लब, संघ वा संस्था स्थापना गर्दा देहायको मापदण्ड पूरा गरेको हुनु पर्नेछः-

(क) एक खेलको लागि एउटा मात्र खेल क्लब, संघ वा संस्था गठन भएको हुनु पर्ने;

(ख) खेल क्लब, संघ वा संस्थाको विधानमा एउटै व्यक्ति एकै पटक एक भन्दा बढी खेल संघको पदाधिकारी हुन नसक्ने व्यवस्था हुनु पर्ने;

(ग) खेल क्लब, संघ वा संस्थाको विधानमा प्रत्येक चार वर्षमा लोकतान्त्रिक पद्दति अनुसार खेल क्लब, संघ वा संस्थाका पदाधिकारी तथा सदस्यको निर्वाचन हुने र प्रत्येक वर्ष संघको आय-व्यय प्रचलित कानुन बमोजिम लेखापरीक्षण गर्नु पर्ने व्यवस्था हुनु पर्ने;

(घ) खेल क्लब, संघ वा संस्थाको पदाधिकारी तथा खेलाडीको लागि आचारसंहिता लागू हुने व्यवस्था हुनु पर्ने;

(ङ) तोकिए बमोजिमको अन्य मापदण्ड पूरा भएको हुनु पर्ने ।

(४) उपदफा (१) बमोजिम गठन भएका खेल क्लब, संघ वा संस्था स्वायत्त हुनेछन् ।

(५) उपदफा (१) बमोजिम गठन भएको खेल क्लब, संघ वा संस्थाका पदाधिकारी तथा सदस्यको पदावधी चार वर्षको हुनेछ र खेल क्लब, संघ वा संस्थाको पदाधिकारी सोही पदमा सामान्यतया पुनः एक पटकको लागि निर्वाचित हुन सक्नेछन् ।

**स्पष्टिकरणः** यस दफाको प्रयोजनको लागि 'खेल क्लब, संघ वा संस्थाको पदाधिकारी' भन्नाले क्लब, संघ वा संस्थाको अध्यक्ष, उपाध्यक्ष, सचिव, सह-सचिव र कोषाध्यक्ष सम्झनु पर्छ ।

(६) देहायको व्यक्ति खेल क्लब, संघ वा संस्थामा निर्वाचित वा मनोनित हुन सक्ने छैनः-

(क) गैर नेपाली नागरिक;

(ख) राजस्व, सार्वजनिक वा सरकारी सम्पत्ति हिनामिना गरेको प्रमाणित भएको;

(ग) समितिबाट लिएको रकमको बेरुजु फछर्यौट गर्न बाँकी रहेको;

(घ) मानसिक सन्तुलन गुमेको;

(ङ) भ्रष्टाचार, जबरजस्ती करणी, यौन दुर्व्यवहार, मानव बेचविखन तथा ओसारपसार, लागू ओषध विक्रि वितरण तथा निकासी वा पैठारी, अपहरण सम्बन्धी कसुर, संगठित अपराध वा नैतिक पतन देखिने फौजदारी कसुरमा सजाय पाएको वा अन्य कुनै फौजदारी कसुरमा एक वर्ष वा सोभन्दा बढी कैदको सजाय पाई त्यसको फैसला अन्तिम भएकोमा;

**२०. संस्था दर्ताको लागि निवेदन दिनुपर्नेः**

(१) दफा १९ बमोजिम नाम दर्ता गराउन चाहाने खेलकुद सम्बन्धी संस्थाले देहायका कुरा खुलाई समितिमा संस्था दर्ताको लागि अनुसूची १ बमोजिमको ढाँचाम निवेदन दिनु पर्नेछः-

(क) संस्थाको नाम र ठेगाना,

(ख) सञ्चालन गरिने खेलकुद,

(ग) कार्यकारिणी समितिका सदस्यको नाम, ठेगाना, ना.प्र.प. को प्रमाणित प्रतिलिपी,

(घ) विधानको प्रमाणित प्रतिलिपी,

(ङ) वार्षिक कार्ययोजना र आयस्रोत ।

(च) पदाधिकारीहरुले गाउँपालिकामा बुझाउनुपर्ने दायित्व बुझाएको रसिद ।

**२१. संस्था दर्ता प्रमाण पत्र :**

(१) दफा २० बमोजिम नाम दर्ता सूचीकरण गराउनका लागि दरखास्त परेमा समितिले ३० दिन भित्र आवश्यक जाँचबुझ गरी अनुसूची २ बमोजिमको संस्था दर्ता प्रमाणपत्र उपलब्ध गराइनेछ ।

(२) समितिले उपदफा (१) बमोजिम संस्था दर्ता भएमा दर्ता गरिएको सूचना र संस्था दर्ता गर्न नसकिने भएमा सोको सूचना सम्बन्धित संस्थालाई दिनु पर्नेछ।

(३) समितिमा दर्ता तथा नविकरण गराउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(४) उपदफा १ बमोजिम दर्ता भएका संस्थाको अभिलेख कार्यालयले अनुसूची ३ बमोजिमको ढाँचामा राख्नेछ।

(५) यस दफा बमोजिम दर्ता भएका संस्थाले हरेक आ.व.मा नविकरण गर्नुपर्नेछ।

**२२. विधान संशोधन सूचनाः**

(१) यो ऐन बमोजिम समितिमा नाम दर्ता भएको खेलकुद सम्बन्धी संस्थाले दफा १० बमोजिम संस्था दर्ताको लागि दिएको निवेदनमा उल्लेख भएको व्यहोरा वा निवेदन साथ संलग्न विधानको व्यहोरामा कुनै हेरफेर भएमा त्यसरी हेरफेर गर्नु परेको कारण सहितको सूचना एक्काईस दिनभित्र समितिलाई दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम हेरफेरको सूचना प्राप्त भएपछि हेरफेर गर्नुपर्ने कारण उचित देखेमा समितिले हेरफेरको व्यहोरा अद्यावधिक गर्नु पर्नेछ।

**२३. हिसाबको श्रेस्ता राख्नु पर्नेः**

(१) खेलकुद सम्बन्धी संस्थाले आफ्नो आम्दानी खर्चको हिसाबको श्रेस्ता तोकिएको ढाँचामा राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम खेलकुद सम्बन्धी संस्थाले राखेको श्रेस्ताको जाँचबुझ समितिले जहिले सुकै गर्न गराउन सक्नेछ।

(३) समितिले उपदफा (२) बमोजिम खेलकुद सम्बन्धी संस्थाको श्रेस्ता जाँचबुझ गर्दा गराउँदा आम्दानी खर्चको हिसाब किताब अनियमित भएको वा रकम हिनामिना भएको देखिएमा अनियमित भएको हिसाब किताब नियमित गर्न लगाउन र हिनामिना भएको रकम सम्बन्धित व्यक्तिबाट अशुल उपर गर्न गराउन आवश्यक कारवाही चलाउन सक्नेछ।

**२४. निर्देशन दिने:**

(१) समितिले मातहतका खेलकुद सम्बन्धी संस्थालाई खेलकुद विकासको सम्बन्धमा समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित खेलकुद सम्बन्धी संस्थाको कर्तव्य हुनेछ।

(२) उपदफा (१) बमोजिम समितिले दिएको निर्देशनको पालना नगर्ने खेलकुद सम्बन्धी संस्था वा दफा २३ बमोजिम समितिले तोकेको ढाँचामा आफ्नो आम्दानी खर्चको हिसाब किताबको श्रेस्ता नराख्ने वा रकम हिनामिना गर्ने खेलकुद सम्बन्धी संस्थाको नाम समितिले आफ्नो सूचीकरणबाट कट्टा गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम समितिले आफ्नो सूचीकरणबाट कुनै खेलकुद सम्बन्धी संस्थाको नाम कट्टा गरेमा त्यसको सूचना सम्बन्धित खेलकुद सम्बन्धी संस्थालाई दिनु पर्नेछ।

**२५. स्वीकृति लिनु पर्ने:**

खेलकुद सम्बन्धी संस्थाले जिल्ला, प्रदेश, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका खेलकुद प्रतियोगिता वा खेलकुद विषयको सभा वा सम्मेलनमा भागलिन कुनै सदस्य वा खेलाडीलाई पठाउन वा गाउँपालिकामा हुने खेलकुद प्रतियोगिता तथा सभा सम्मेलनमा राष्ट्रिय स्तरका खेलाडीलाई आमन्त्रण गर्नु परेमा खेलकुद समिति तथा गाउँपालिकाबाट स्वीकृति लिनु पर्नेछ।

**२६. क्लब, संघ वा संस्थाले पालना गर्नुपर्ने शर्त**ः

क्लब, संघ वा संस्थाले देहाय बमोजिमका शर्तहरु पालना गर्नु पर्नेछः-

(क) क्लब, संघ वा संस्थाको विधानको अधिनमा रही खेलकुद सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने, गराउने;

(ख) आफ्नो आम्दानी र खर्चको हिसाबकिताब प्रचलित कानुन बमोजिमको ढाँचामा राख्ने;

(ग) वार्षिक आय-व्ययको नियमित रुपमा लेखापरीक्षण गराउने र लेखापरीक्षण प्रतिवेदन सार्वजनिक गर्ने तथा सोको प्रतिलिपी सहित समितिलाई जानकारी गराउने;

(घ) याङवरक गाउँपालिका तथा समितिबाट लेखा तथा श्रेस्ताको जाँचबुझ गर्दा सो सम्बन्धी अभिलेख उपलब्ध गराउने;

(ङ) विधान बमोजिम पदाधिकारीको आवधिक निर्वाचन गर्ने;

**२७. खेलाडीको व्यवसायिक सुरक्षा:**

तोकिए बमोजिमको वर्गीकरणका आधारमा खेलाडीको पारिश्रमिक, भत्ता वा अन्य सेवा सुविधा तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-६

## सजाय र कारवाही

**२८. सजाय र कारवाही :** (१) समितिले देहाय बमोजिमको कसुरमा देहाय बमोजिम सजाय गर्नेछ:

(क) समितिले दिएको निर्देशन पालना नगर्ने खेलकुद विकास समिति वा खेलकुद सम्बन्धी संस्थालाई पहिलो पटक चेतावनी सहित पाँच हजार रुपैयाँ जरिवाना र सोही कसुर दोहोर्‍याएमा समिति वा संस्था खारेजी।

(ख) कुनै खेलाडी वा खेलाडीको समूह वा प्रशिक्षक वा व्यवस्थापक वा रेफ्रीले खेलको प्रतिस्पर्धाबाट आउने स्वभाविक परिणामलाई प्रतिकुल हुनेगरी मिलेमतोमा वा प्रलोभनमा परी खेल खेले वा खेलाएमा, वडास्तरको खेलकुद प्रतियोगिताको हकमा-

पाँच हजार रुपैयाँ जरिवाना र एक वर्ष सम्म सोहीस्तरको खेलबाट प्रतिबन्ध, गाउँपालिकास्तरको खेलकुद प्रतियोगिताको हकमा- दश हजार रुपैयाँ जरिवाना र एक वर्ष सम्म सोहीस्तरको खेलबाट प्रतिबन्ध।

## परिच्छेद-७
## विविध

**२९. गाउँपालिकाले निर्देशन दिन सक्ने:**

(१) गाउँपालिकाले खेलकुद विकास गर्नको लागि समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाले दिएको निर्देशन दफा ३ बमोजिम गठित समितिले पालना गर्नु पर्नेछ।

**३०. अधिकार प्रत्यायोजन**ः

समितिले यो ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये सबै वा केही अधिकार अध्यक्ष, उपाध्यक्ष, सदस्य-सचिव वा सदस्यलाई प्रयायोजन गर्न सक्नेछ।

**३१. शपथ ग्रहण:**

दफा ३ को उपदफा (२) बमोजिम गठन भएको समितिका पदाधिकारीहरुले अनुसूची ४ बमोजिमको ढाचाँ अनसुार शपथ ग्रहण लिनुपर्नेछ।

**३२. नियम बनाउने अधिकार:**

यस ऐन कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक नियम बनाउन सक्नेछ र संशोधन समेत गर्न सक्नेछ।

**३३. यस ऐन बमोजिम हुने:**

यस ऐनमा लेखिएका कुरामा यसै ऐन बमोजिम र अन्य प्रचलित कानुन बमोजिम हुनेछ।

## अनुसूची-१

दफा २० उपदफा १ सँग सम्बन्धित

**(संस्था दर्ता निवेदनको ढाँचा)**

मिति- ................/......./.......

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
याङवरक गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
थर्पु, पाँचथर।

**विषय- खेलकुद संस्था दर्ता गरी पाऊँ।**

महोदय,

हामीले ................................ सम्बन्धी संस्था खोल्न चाहेकोले याङवरक गाउँपालिकाको खेलकुद विकास ऐन, २०७९ को दफा १९ बमोजिम संस्था दर्ता गर्नको लागि देहायको विवरण खोली निवेदन पेश गरेका छौं।

प्रस्तावित संस्थाको विधानको एक प्रति पनि यसै निवेदनसाथ संलग्न गरिएको छ।

विवरण

१. संस्थाको नामः- ..........................................................................

२. संस्था रहेको स्थानः- ....................................................................

३. संस्थाको कार्यक्षेत्रः- ....................................................................

४. संस्थाको उद्देश्यः-

क. ..........................................	ग. ..........................................

ख. ..........................................

५. संचालक समितिको सदस्यहरुको

| क्र.सं. | नामथर | ठेगाना | ना.प्र.नं. | पद | पेशा | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |

६. आर्थिक स्रोतः- .............................................................................

७. वडा कार्यालयबाट सिफारिस भएको मितिः- ..................................................

८. निवेदकको नाम र हस्ताक्षरः- .......................................................................

**अनुसूची-२**
**(दफा २१ को उपदफा १ सँग सम्बन्धित )**
**संस्था दर्ता प्रमाण-पत्रको ढाँचा**

**संस्था दर्ताको प्रमाण-पत्र**

दर्ता मितिः
दर्ता नं.

श्री ....................................... (संस्थाको नाम)
............................. (ठेगाना)

याङवरक गाउँपालिकाको खेलकुद विकास ऐन, २०७९ को दफा १९ बमोजिम .................... साल ............. महिना .................. गते दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ।

दस्तखतः
नामथरः
पदः
कार्यालयः

नविकरण

| नविकरण गरेको मिति | वहाल रहने मिति | नविकरण दस्तुर | प्रमुख प्रशासकीय अधिकृतको दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

## अनुसूची- ३
## (दफा २१ को उपदफा ४ सँग सम्बन्धित)
## दर्ता किताबको ढाँचा
## संस्था दर्ताको किताब

| दर्ता नं. | दर्ता मिति | | | संस्थाको नाम र ठेगाना | संस्थाको उद्देश्य | संस्थाका पदाधिकारीको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | साल | महिना | गते | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**अनुसूची -४**
**दफा ३१ सगँ सम्बन्धित**
**(शपथको ढाँचा)**

गाउँ खेलकुद विकास समितिको ............ म ..........................................ले गाउँपालिकाको क्षेत्र भित्रका खेलकुद विकास तथा समग्र खेल क्षेत्रको विकासमा मेरो ज्ञान, विवेक र सामर्थ्यले भ्याएसम्म निष्ठापूर्वक आफ्नो कार्यकालमा ईमान्दारीतापूर्वक कार्य गर्नेछु । खेल क्षेत्रमा काम कारबाहीको आफ्नो समिति बाहेक अन्यत्र राख्नुपर्ने गोपनियतालाई सुरक्षित राख्नेछु भनी म नैतिक रुपमा सपथ लिन्छु ।

**शपथ ग्रहण गर्नेको**
नामः
पदः
हस्ताक्षरः

**शपथ गराउनेको**
नाम:
पदः
हस्ताक्षरः
कार्यालयः

**प्रमाणीकरण मिति: २०७९/१२/११**

**आज्ञाले**
**सुमन लिङदेन (लिम्वु)**
**प्रमुख प्रशासकीय अधिकृत**